आज मिति २०८० साल माघ २३ गते मंगलबारका दिन जैमिनी नगरपालिकाका नगर प्रमुख श्री नर बहादुर पुन ज्यूको अध्यक्षतामा दोस्रो नगर कार्यपालिकाको २८ औ बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नर बहादुर पुन | |
| २ | नगर उपप्रमुख | श्री हरिहर शर्मा | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री विष्णु प्रसाद आचार्य | |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री प्रेम सापकोटा | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री कृष्ण बहादुर भुजेल | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री चक्र बहादुर थापा | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री ठग बहादुर क्षेत्री थापा | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री कृष्ण बहादुर थापा | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री केन्द्र बहादुर सुनार | |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री बिमल श्रीस राना | |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री सन्दिप थापा | |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री श्री प्रसाद थापा | |

CS CamScanner

| | | | |
|---|---|---|---|
| १३ | कार्यपालिका सदस्य | श्री भगवती शर्मा सापकोटा | |
| १४ | कार्यपालिका सदस्य | श्री चिन्तामणि दर्जी | |
| १५ | कार्यपालिका सदस्य | श्री दुर्गा देवी पाध्या | |
| १६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर परियार | |
| १७ | कार्यपालिका सदस्य | श्री भरत वि.क | |
| १८ | कार्यपालिका सदस्य | श्री शान्तकला शर्मा | |
| १९ | कार्यपालिका सदस्य | श्री गीता कुमारी वि.क | |
| २० | कार्यपालिका सदस्य | श्री शान्ती सुनार | |
| | सचिव ( प्रमुख प्रशासकीय अधिकृत ) | श्री हरि बहादुर भुजेल | |

CamScanner

# कार्यपालिका बैठकका कार्यसूची

## मिति २०८०।१०।२३ गते

१. गत बैठकको समिक्षा ।

२. हाल सम्मको आय व्यय सार्वजनिक ।

३. समपुरक तथा विशेष अनुदानका लागि कार्यक्रम माग गर्ने सम्बन्धमा ।

४. सभाहलका लागि बहुबर्षिय जग्गा लिजमा लिने सम्बन्धमा ।

५. टोल विकास संस्था गठन कार्यविधि र विपन्न आवास सम्बन्धी कार्यविधि सम्बन्धमा ।

६. कालिगण्डकी करिडोर खन्दा उत्पन्न खानीजन्य पदार्थ सम्बन्धमा ।

७. योजना फरफारक सम्बन्धमा।

८. सरङ्गी देखि जैमिनी सिमाना सम्मको बाँकी सडक स्तरोन्नती लागत साझेदारी सम्बन्धमा ।

९. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझाव कार्यान्वयन बारे ।

१०. अवकाश कोष ।

११. कर्मचारीको स्तर बृद्दि सम्बन्धमा ।

१२. नगर अस्पतालको ठेक्का लगाउने सम्बन्धमा ।

१३. विविध ।

२०८०/१०/२३

CamScanner

# निर्णयहरु

## निर्णय नं १

यस अघि कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरु कार्यान्वयनका सम्बन्धमा छलफल गरियो । अधिकांश निर्णयहरु कार्यान्वयनमा गइसकेको देखियो । प्रभावकारी रुपमा निर्णय कार्यान्वयनका लागि कार्यालयलाई सुझाव दिने निर्णय गरियो ।

## निर्णय नं २

पालिकाको हाल सम्मको आम्दानी र खर्चको विवरण निम्नानुसार रहेको जानकारी गराइयो । उपरोक्तानुसार प्रगति र आय व्यय विवरण अनुमोदन गर्ने र नगरपालिकाबाट हाल सम्म विभिन्न मितिमा भएका आयोजना तथा कार्यक्रम र प्रशासनिक खर्च तर्फका कार्यक्रम खर्च रकम फरफारक गर्ने निर्णय गरियो ।

## निर्णय नं ३

आर्थिक बर्ष २०८१/०८२का लागि संघीय सरकार समक्ष निम्नानुसारका योजना विशेष अनुदान र समपुरक अनुदानका माग गरि पठाउने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| **विशेष अनुदान तर्फ** | | | |
| १ | बालवालिका गर्भवती र सुत्केरी आमाको लागि स्वास्थ्य रक्षाको लागि बहुक्षेत्रिय पोषणा कार्यक्रम | रु.१०००००००। | क्रमागत |
| २ | बालमैत्री स्थानीय शासन कार्यक्रम | रु.२०००००००। | नयाँ |
| **समपुरक अनुदान तर्फ** | | | |
| १ | कुश्मिसेरा सर्कुवा ब्यारथला केवै हुँदै ८ न वडा कार्यालय छिस्ती | रु.२००००००० | क्रमागत |
| २ | जैमिनी चक्रपथ (कुश्मिशेरा मोटरेबल पुल बास्तारी बनहँ खण्ड) | रु.१०००००००। | नयाँ |

Shagun

CamScanner

## निर्णय नं ४

नगरपालिकाको बहुउदेश्यीय सभाहल बनाउनका लागि जग्गा खोजि गरि लिजमा लिने सम्बन्धी व्यवस्था गर्ने गठित समितिले सिफारिस गरि भएको सार्वजनिक सुचना अनुसार लिजमा दिन चहानेको माग संकलन गर्दा कुश्मिसेरा बजारमा १-१-३-२ रोपनी  जग्गा लिजमा दिन जग्गाधनीहरु श्री रिषिराम प्रसाद सापकोटा श्री थमकला कँडेल र श्री पूर्णेन्द्र सापकोटा ईच्छुक देखिएकाले उक्त जग्गा न्यूनतम् ७ बर्षका लागि लिजमा लिई सो जग्गामा संरचना निर्माणका लागि पालिका कार्यालयलाई अनुमति दिने निर्णय गरियो ।

## निर्णय नं ५

विपन्न नागरिक आवास निर्माणका लागि अनुदान प्रदान गर्ने कार्यक्रम सञ्चालन गर्नका लागि मिति २०७५ मा जारी कार्यविधि संसोधन वा परिमार्जन गरि पेश गर्न भनी गठित समितिले पेश गरेको मस्यौदा "आवास विहिनका लागि आवास निर्माण विपन्न नागरिक आवास सम्बन्धी कार्यविधि-२०८०" लाई स्वीकृत गर्ने निर्णय गरियो ।साथै "खर तथा फुसका छाना विस्थापन कार्यविधि २०८०" स्वीकृत गर्ने निर्णय गरियो । टोल विकास संस्था गठन सम्बन्धी कार्यविधिलाई थप परिमार्जन गरि पेश गर्न लगाउने निर्णय गरियो ।

## निर्णय नं ६

जैमिनी नगरपालिकाका विकास निर्माणका लागि चाहिने खानी र नदिजन्य पदार्थको मुख्य स्रोत कालिगण्डकी नदि भएकोमा सम्मानित सर्वोच्च अदालतको आदेशले कालीगण्डकी नदिबाट खानी र नदिजन्य पदार्थ उत्खन्न गर्न नसकी नयाँ पूर्वाधार विकास निर्माणका काम प्रभावित हुन पुगेको छ । यस्तो अवस्थामा राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरको निर्माणका काम यहि पालिकाको क्षेत्र भित्र भैरहेको र उक्त करिडोरको परियोजना प्रतिवेदनले निर्दिष्ट गरेको क्षेत्रभित्रबाट उत्पन्न खानीजन्य ढुङ्गा गिटि बालुवा यस अघि पालिकाले नै अस्थायी अनुमति दिईएको क्रसरमार्फत प्रशोधन भई करिडोरकै काममा प्रयोग भैरहेको अवस्थामा पालिका भित्रका  सञ्चालित अन्य आयोजनाले पनि

२०८०/१०/२२

सोहि क्रसर सँग निर्माण सामाग्री माग गर्न गएको भनि जानकारी पत्र प्राप्त भएको छ । उक्त आयोजनाको क्रसरलाई निम्नानुसारको कार्यसर्तको अधिनमा रहि निर्माण सामाग्री उपलब्ध गराउन अनुमति दिने निर्णय गरियो ।

क. विस्तृत परियोजना प्रतिवेदनले दिएको क्षेत्र भित्र मात्र ढुङ्गा गिटि र बालुवा उत्खनन् गर्नु पर्ने । सडकको Right of way भन्दा अतिरिक्त उत्खन्न गर्न नमिल्ने।

ख. उत्खन्न गर्दा विस्तृत वातावरणीय प्रतिवेदन EIA /IEE ले निर्धारण गरेका वातावरण संरक्षणका सर्तहरु पूर्ण परिपालना गर्नु पर्ने ।

ग. पालिकाले सञ्चालन गर्ने वा पालिका भित्र सञ्चालित सरकारी आयोजनालाई मात्र पालिकाले विस्तृत परियोजना प्रतिवेदनमा उल्लेख भई पालिकाको प्राविधिकबाट सिफारिस भएको मात्रामा मात्र ढुङ्गा गिटि र बालुवा उपलब्ध गराउनु पर्ने ।

घ. ढुङ्गा गिटि बालुवा निकासी गर्दा लाग्ने प्राकृतिक स्रोत प्रयोगको रोयल्टी प्रदेश कानून बमोजिम नगरपालिकाले तोके अनुसार तिरेर मात्र कारोबार गर्नु पर्ने ।

ङ. यसरी विक्रि भएको पदार्थको विवरण चुस्त दुरुस्त राख्नु पर्ने र कार्यालयले मागेको अवस्थामा विवरण उपलब्ध गराउनु पर्ने ।

<u>निर्णय नं ७</u>

आर्थिक बर्ष २०८०/०८१का लागि स्वीकृत भई सञ्चालनमा रहेका आयोजना र कार्यक्रम मध्ये मिति २०८०।१०।२२ गते सम्म जाँचपास र फरफारक समेत भएका योजनाको जाँचपास र फरफारक निर्णयको समर्थन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं ८</u>

सरङ्गी देखि जैमिनी सिमाना सम्मको बाँकी सडक स्तरोन्नतीका लागि गण्डकी प्रदेश सरकार र बागलुङ नगरपालिका सँग लागत साझेदारीका लागि सहमति माग भई

२०८०/१०/२२

Shagun

आएकोमा उक्त आयोजनाका लागि नगरपालिकाको तर्फबाट रु ३००००० अक्षयरुपी तीस लाख मात्र लागत साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग सँग मिति २०८०मंसिर ६ र ७ गते नेपाल सरकारका नियामक निकायहरु तथा सार्वजनिक संस्थाहरु बिच सम्पन्न अन्तरक्रिया कार्यक्रम पश्चात आयोगबाट दिइएका सुझावहरु मिति २०८०।१०।११ गतेको पत्रानुसार यस पालिकालाई प्राप्त भएकोमा उक्त सुझावहरु छलफल भई कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने र वडा तह सम्म आत्मसाथ गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ९१, गण्डकी प्रदेश स्थानीय सेवाको गठन संचालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९ को दफा ६८ उपदफा (५) अनुसार प्रत्येक स्थानीय तहमा कर्मचारी समायोजन ऐन, २०७५ अनुसार साविक स्थानीय निकायबाट समायोजन भएका र संघीय तथा प्रदेश लोक सेवा आयोगबाट स्थानीय तहमा सिफारिस भई नियुक्त भएका कर्मचारीहरुको लागि निजहरुको अवकाश पछि पाउने निवृत्तिभरण, उपदान, बिदा, र औषधी उपचार बापतको सुविधा भूक्तानीका लागि प्रत्येक स्थानीय तहमा एक छुट्टै अवकाश कोष रहने व्यवस्था गरिएको छ।यसै सन्दर्भमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०८०/०९/१७ च.न. ७४९ को पत्रबाट यस प्रकारको अवकाश कोष स्थापनाको लागि परिपत्र समेत भएको सन्दर्भमा जैमिनी नगरपालिकामा यस प्रकारको अवकाश कोष खाता संचालनमा ल्याउन सहमति दिने निर्णय गरियो साथै अवकाश प्रयोजनका लागि चालु तथा यस पूर्वका आर्थिक वर्षहरुमा कर्मचारी कल्याण कोष शिर्षकबाट विविध कोषमा जम्मा गरिएको रकम समेत यसै बमोजिम हुने गरी व्यवस्था गर्ने निर्णय गरियो।

२०८०/१०/२२

**निर्णय नं ११**

गण्डकी प्रदेशको प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन )ऐन २०७९ बमोजिम जैमिनी नगरपालिका कार्यालयको मिति २०८०।०९।२९ गतेको छैठौ तह सम्मको दरबन्दी कायम र तह बृद्दिको लागि प्रकाशित सूचना अनुसार तोकिएको समयमा दर्ता हुन आएका उमेदारहरुको पेश भएका सबै प्रमाणहरुको मुल्याङ्कन गरि तपशिल बमोजिम उमेदवारहरुको तह बृद्दि र दरबन्दी कायम हुने गरि जैमिनी नगरपालिका कार्यपालिकामा सिफारिस भए अनुसार तपशिल बमोजिमका कर्मचारीको तह बृद्दि र दरबन्दी कायम गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र .सं | उमेदवारको नामथर | हालको तहमा सेवा अवधि | शैक्षिक योग्यता | हालको तह | ५ वर्षको कासमु औषत अंक प्रतिशत | तह बृद्दि/दरवदन्दी कायम माग | तह बृद्दि/दरबन्दी कायम हुने अवस्था | ऐनको दफा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | देवी बि.क. सुनार | ७ बर्ष १० महिना | आइ.ए. | सहायक चौथो | १०० | सहायक पाँचौ, महिला विकास निरीक्षक | दरबन्दी कायम हुने | ९(५) | |
| २ | रामकृष्ण पौडेल | ५ बर्ष ११ महिना ११ दिंन | बि.इ. | सहायक पाँचौ | १०० | अधिकृत छैठौं, सिनियर सब इन्जिनीयर | तह बृद्दि हुने | २७(१) | |
| ३ | ललिता पुन | ५ बर्ष ४ महिना १२ दिन | आइ.ए. | सहायक पाँचौ | १०० | अधिकृत छैठौं, सहायक प्रशासकीय अधिकृत | तह बृद्दि हुने | २७(१) | |
| ४ | विश्मार्क सापकोटा | ५ बर्ष २ महिना ११ दिन | पि.सी एल.(मेडिसिन एच ए) | सहायक पाँचौ | १०० | अधिकृत छैठौं, जन श्वास्थ्य निरीक्षक | तह बृद्दि हुने | २७(२) | |

२०८०/११/२२

## निर्णय नं १२

संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको बार्षिक कार्यक्रम सञ्चालन निर्देशिका अनुसार जैमिनी नगरपालिकामा नगरस्तरीय १५ शैयाको आधारभूत अपताल (क वर्ग टाईप ३) निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन समेत मन्त्रालयबाट स्वीकृत भई भवन निर्माणका लागि बजेट सुनिश्चित सहितको अनुमति समेत गत आ व को मिति २०७९।९।१३ मा प्राप्त भैसकेकाले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार निर्माण व्यवसायी छनौट गरि खुल्ला बोलपत्र आह्वान गर्न लगाउने निर्णय गरियो । सोका लागि नगरपालिकाको तर्फबाट लाग्ने लागत साझेदारीको बजेट सुनिश्चिता प्रदान गर्ने निर्णय गरियो ।

## निर्णय नं १३

वडा नं १० मा फुटकर तर्फ विनियोजन भएको रुकमबाट निम्नानुसारका काम गर्ने भनि वडा समितिको निर्णय र सिफारिस समेतको आधारमा निम्नानुसारको योजनामा रकम खर्च गर्ने निर्णय गरियो ।

| क स | योजनाको नाम | विनियोजन रकम |
|---|---|---|
| १ | धन चिना प्रा वि वडा नं १० | ३००००। |
| २ | खेलकूद वडा नं १० | २३०००। |
| ३ | तल्लो छोड डाँडा मोटरबाटो | ३००००। |
| | | |

वडा नं ५ मा फुटकर तर्फ विनियोजन भएको रुकमबाट निम्नानुसारका काम गर्ने भनि वडा समितिको निर्णय र सिफारिस समेतको आधारमा निम्नानुसारको योजनामा रकम खर्च गर्ने निर्णय गरियो ।

| क स | योजनाको नाम | विनियोजन रकम |
|---|---|---|
| १ | विनामारे स्वास्थ्य चौकी व्यवस्थापन | ६००००। |
| २ | मजुवा सिंचाई पाईप खरिद | ५००००। |

२०८०/१०/२३

CamScanner

| | | |
|---|---|---|
| ३ | शिशु बालकल्याण बाल विकास व्यवस्थापन | १५०००। |
| ४ | वडा कार्यालय व्यवस्थापन | ४००००। |
| ५ | धनसरा मोटरबाटो देखि पाण्डे टोल सम्म पैदल मार्ग निर्माण | २५०००। |
| ६ | चुदारे डाडाँ पैदल मार्ग निर्माण | ३००००। |
| ७ | लौसीडाँडा पैदल मार्ग निर्माण | ३००००। |
| ८ | साविक वडा नं ८ खानेपानी मर्मत | २००००। |
| ९ | प्रगतिशिल आमा समूह बाजा खरिद | १५०००। |
| १० | खेलकुद सामाग्री खरिद | १५०००। |
| | जम्मा | ३०००००। |

वडा नं २ मा फुटकर तर्फ विनियोजन भएको रुकमबाट निम्नानुसारका काम गर्ने भनि वडा समितिको निर्णय र सिफारिस समेतको आधारमा निम्नानुसारको योजनामा रकम खर्च गर्ने निर्णय गरियो ।

| क स | योजनाको नाम | विनियोजन रकम |
|---|---|---|
| १ | चैराग खानेपानी मर्मत | ५००००। |
| २ | आहाल बाड किटेनी खानेपानी टंकी निर्माण | ५००००। |
| ३ | लामखोरीया पदमार्ग निर्माण | ५००००। |
| | जम्मा | १५००००। |

वडा नं ६ मा फुटकर तर्फ विनियोजन भएको रुकमबाट निम्नानुसारका काम गर्ने भनि वडा समितिको निर्णय र सिफारिस समेतको आधारमा निम्नानुसारको योजनामा रकम खर्च गर्ने निर्णय गरियो ।

| क स | योजनाको नाम | विनियोजन रकम |
|---|---|---|
| १ | डुम्रीको रुख खानेपानी टयाङ्की निर्माण | १०००००। |

२०८०/१०/२३

| | | |
|---|---|---|
| २ | कुवाखानी खानेपानी ट्याङ्की निर्माण | १०००००। |
| ३ | लब्लीडाँडा पोखरी छेकाबार | ५००००। |
| ४ | परियार टोल कृषिसडक पदमार्ग | ५०००० |
| | जम्मा | ३०००००। |

२०८०।१०।२२